# ठोरी गाउँपालिकाको औषधी उपचार खर्च सम्बन्धी मापदण्ड,२०८२

गाउँ सभाबाट प्रस्तुत मितिः २०८२।०३।२३

गाउँ सभाबाट पारित मितिः २०८२।०३।२३

ठोरी गाउँ सभाबाट पारित यो विधेयक स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम प्रमाणीकरण गर्दछु ।

.........................

लाल बहादुर श्रेष्ठ

(अध्यक्ष)

मितिः २०८२।०३।२३

**ठोरी गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**घ्याङ्गडाँडा, पर्सा**

**मधेश प्रदेश, नेपाल**

# औषधी उपचार खर्च सम्बन्धी मापदण्ड, २०८२

**प्रस्तावनाः**

ठोरी गाउँपालिकामा निर्वाचित जनप्रतिनिधि तथा कार्यरत कर्मचारीहरूको स्वास्थ्य सुरक्षा सुनिश्चित गर्नु स्थानीय सरकारको दायित्व हो। सेवाकालीन जिम्मेवारी निर्वाह गर्दा उत्पन्न हुन सक्ने रोग, दुर्घटना तथा आकस्मिक स्वास्थ्य समस्यामा समयमै उपचार उपलब्ध गराउन स्थानीय तहले स्पष्ट, पारदर्शी र एकरूप व्यवस्था गर्नु आवश्यक छ। सामान्य उपचारदेखि आकस्मिक शल्यक्रिया र उच्च जोखिमका उपचारसम्मको स्वास्थ्य खर्चको भुक्तानीमा नियम, मापदण्ड र प्रक्रिया नहुँदा कर्मचारी तथा जनप्रतिनिधिमा आर्थिक बोझ र उपचार पहुँचमा असमानता देखा पर्न सक्छ। यसले स्वास्थ्य सेवाको गुणस्तर र प्रशासनिक पारदर्शितामा असर पुऱ्याउने सम्भावना हुन्छ। यसै सन्दर्भमा, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम ठोरी गाउँपालिकाले आफ्नै **"औषधी उपचार खर्च सम्बन्धी मापदण्ड, २०८२"** तयार गरी लागू गरेको हो।

## परिच्छेद १
## संक्षित नाम र प्रारम्भ

**१. संक्षिप्त नाम र प्रारम्भ**

क) यस मापदण्डको नाम औषधी उपचार खर्च सम्बन्धी मापदण्ड, २०८२ रहेको छ।

ख) यो मापदण्ड गाउँसभावाट स्वीकृत भएको मितिबाट लागू हुनेछ ।

**२. परिभाषा**

क) 'कार्यपालिका' भन्नाले ठोरी गाउं कार्यपालिकालाई सम्झनु पर्दछ ।

ख) 'औषधी उपचार खर्च' भन्नाले यस ठोरी गाउँपालिकाका जनप्रतिनिधि तथा कर्मचारीले स्वास्थ्य उपचारको क्रममा चिकित्सक वा स्वास्थ्य संस्थाले सिफारिस गरेको औषधी, परीक्षण, भर्ना, शल्यक्रिया, आपतकालीन सेवा, उपकरण तथा चिकित्सकीय परामर्श लगायत उपचारसँग प्रत्यक्ष रूपमा सम्बन्धित खर्चलाई सम्झनु पर्दछ ।

ग) "अध्यक्ष" भन्नाले ठोरी गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ ।

घ) "जनप्रतिनिधि" भन्नाले ठोरी गाउँपालिका, गाउँ कार्यपालिकाका तथा गाउँसभाका निर्वाचित सदस्यहरुलाई सम्झनु पर्नेछ।

ङ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ बमोजिमको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

च) "कर्मचारी" भन्नाले ठोरी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय र मातहतका कार्यालयमा कार्यरत स्थायी/करार/अस्थायी कर्मचारीहरुलाई सम्झनु पर्नेछ।

लाल बहादुर थोक
अध्यक्ष

CamScanner

परिच्छेद २

## औषधी उपचार खर्च मापदण्डको अवधारणा, लक्ष्य र उद्देश्य

३. अवधारणाः

यो कार्यविधिले जनप्रतिनिधि तथा कर्मचारीलाई आवश्यक समयमा गुणस्तरीय स्वास्थ्य सेवा प्राप्त गर्न सहयोग पुऱ्याउने र उपचारका क्रममा व्यहोर्नु पर्ने औषधि तथा चिकित्सकीय खर्चलाई न्यायसंगत, प्रमाण-आधारित र व्यवस्थापित रूपमा भुक्तानी गर्ने प्रणाली स्थापना गर्ने उद्देश्यका साथ तयार गरिएको हो। जनप्रतिनिधि र कर्मचारीहरूलाई आर्थीक सहायता स्वरुप सहयोग पुर्याउनु नै यो कार्यविधिको अवधारणा हो।

४. लक्ष्य

ठोरी गाउँपालिकाका जनप्रतिनिधि तथा कर्मचारीको स्वास्थ्य सुरक्षा, आर्थिक सुरक्षा र उपचार पहुँच सुनिश्चित गर्दै संस्थागत सुशासन, पारदर्शिता र उत्तरदायित्वमा आधारित भुक्तानी प्रणाली स्थापनाको लक्ष्य राखिएको छ।

यस कार्यविधिले निम्न प्रमुख लक्ष्यहरू पूरा गर्नेछः

क) जनप्रतिनिधि तथा कर्मचारीको स्वास्थ्य अधिकार सुनिश्चित गर्ने।

ख) उपचार तथा औषधि खर्चका कारण हुने आर्थिक बोझ कम गर्ने।

ग) उपचार पद्धति र खर्च भुक्तानीमा एकरूपता, स्पष्टता र पारदर्शिता कायम गर्ने।

घ) आकस्मिक अवस्था वा दुर्घटनामा तत्काल उपचार प्राप्त गर्न सहज प्रणाली निर्माण गर्ने।

ङ) दीर्घरोग वा अन्य स्वास्थ्य समस्यामा नियमित उपचार निरन्तरता सुनिश्चित गर्ने।

च) उपचार खर्च भुक्तानीमा सम्भावित दुरुपयोग रोक्दै सुशासन प्रवर्द्धन गर्ने।

५. उद्देश्य

ठोरी गाउँपालिकाका जनप्रतिनिधि तथा कर्मचारीको स्वास्थ्य सुरक्षण सुनिश्चित गर्नु, उपचार पहुँचलाई व्यवस्थित बनाउनु तथा औषधी उपचार खर्च भुक्तानी प्रक्रिया पारदर्शी रूपमा सञ्चालन गर्नु यो कार्यविधिको उदेश्य रहेको छ ।

यस कार्यविधिमा समेटिएका उद्देश्यहरू निम्नानुसार छन्:

क) जनप्रतिनिधि तथा कर्मचारीलाई आवश्यकता परेको समयमा समयमानै र गुणस्तरीय स्वास्थ्य उपचार उपलब्ध गराउने।

ख) स्वास्थ्य उपचार र खर्च भुक्तानीमा एकरूप, स्पष्ट, सरल र पारदर्शी प्रक्रिया विकास गर्ने।

ग) उपचार खर्च भुक्तानीका लागि आवश्यक कागजात, सिफारिस, स्वीकृति र भुक्तानी प्रक्रियालाई व्यवस्थित बनाउने।

घ) आकस्मिकता, दुर्घटना तथा दीर्घरोगका अवस्थामा उपचार निरन्तरता सहज बनाउने।

ङ) स्वास्थ्य उपचार तथा औषधि खर्च व्यवस्थापनमा सम्भावित अनियमितता, दुरुपयोग वा मनपरी बिलिङ रोक्ने र सुशासन प्रवर्द्धन गर्ने।

च) स्वास्थ्य सुविधा प्राप्त गर्दा कानुनी, प्रशासनिक तथा आर्थिक प्रक्रिया स्पष्ट बनाई उत्तरदायित्वपूर्ण प्रणाली निर्माण गर्ने।

छ) गाउँपालिकाको वार्षिक बजेट तथा प्राथमिकतानुसार स्वास्थ्य सुरक्षण कार्यक्रमलाई दीगो रूपले कार्यान्वयन गर्ने।

## परिच्छेद ३
## औषधी उपचार खर्च मापदण्ड र भूक्तानी विधि

### ६. औषधी उपचार खर्च मापदण्ड र भुक्तानी विधि

ठोरी गाउँपालिकाका जनप्रतिनिधि तथा कर्मचारीहरूले स्वास्थ्य उपचार गराउँदा देहायबमोजिमको मापदण्ड अनुसार उपचार खर्च उपलब्ध गराइनेछः

**क) सामान्य उपचारः**

सामान्य रोग उपचार, नियमित स्वास्थ्य सेवा, परीक्षण, औषधि तथा मध्यम खर्च उपचारका लागि अधिकतम रु. ५०,०००।- (अक्षरेपी पचास हजार रुपैया मात्र) सम्म भएमा यस रकमसम्मको उपचार खर्च तल उल्लेखित स्वास्थ्य उपचार मूल्याङ्कन तथा सिफारिस समितिबाट सोझै अनुमोदन गरी उपलब्ध गराइनेछ।

**ख) आकस्मिक तथा शल्यक्रिया उपचारः**

आकस्मिक अवस्था, शल्यक्रिया, दुर्घटना, उच्च जोखिममा नपरेका बिरामीको उपचार खर्च रु. ५०,००१।– देखि रु.३,००,०००।– सम्म भएमा यस प्रकारको उपचार खर्च समितिबाट सिफारिस गरी कार्यपालिका समक्ष पेश गरिनेछ र कार्यपालिका निर्णय अनुसार रकम उपलब्ध गराइनेछ।

**ग) उच्च जोखिम तथा अत्यधिक खर्च उपचारः**

High–risk Surgery, दीर्घ ICU Management, Multi-organ involvement, अत्यधिक खर्च हुने उपचार वा विशेष मेकानिजम आवश्यक पर्ने अवस्था भई रु.

ठोरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय प्याराडाँडा, पर्सा मधेश प्रदेश, नेपाल

CamScanner

३,००,००० भन्दा माथि उपचार खर्च भएमा यस प्रकारको उपचार खर्च गाउँसभाबाट निर्णय गरी उपलब्ध गराइनेछ।

स्वास्थ्य उपचार मूल्याङ्कन तथा सिफारिस समिति देहायबमोजिम रहनेछः

अध्यक्ष – संयोजक

प्रमुख प्रशासकीय अधिकृत – सदस्य

प्रशासन शाखा प्रमुख – सदस्य

विपद् तथा वातावरण व्यवस्थापन शाखा प्रमुख – सदस्य

स्वास्थ्य शाखा प्रमुख – सदस्य सचिव

घ) आर्थिक सहायता उपलब्ध गराउने निर्णय भएपछि सम्बन्धित व्यक्ति बैंक खातामा रकम उपलब्ध गराइनेछ ।

## परिच्छेद ४
## बचाउ तथा खारेजी

क) यस मापदण्डमा व्यवस्था भएका कुनै पनि कुराहरु संघीय तथा मधेश प्रदेशको कानूनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः खारेज भएको मानिने छ।

ख) कार्यपालिकाले आवश्यकता अनुसार यो कार्यविधि संशोधन वा खारेज गर्न सक्नेछ ।

लाल बहादुर श्रेष्ठ
अध्यक्ष

ठोरी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
घ्याङडाँडा, पर्सा
मधेश प्रदेश, नेपाल
२०७८

अनुसूची-१

## औषधी उपचार खर्च पाउनका लागि दिने निवेदनको ढाँचा

मितिः........................

विषयः औषधी उपचार खर्च पाउँ भन्ने सम्बन्धमा।

श्रीमान अध्यक्षज्यू,
ठोरी गाउँपालिका,
घ्याङ्डाँडा, पर्सा ।

............प्रदेश................जिल्ला................गाउँपालिका .....नं. वडा, .......................गाउँ/टोल स्थायी ठेगाना भएको उमेर.........वर्षको राष्ट्रिय परिचयपत्र नं./नागरिकता प्रमाण-पत्र नं......................भएको ............................ को नाती ......................र............................. को छोरा/छोरी यस ठोरी गाउँपालिकामा....................................पदमा कार्यरत म....................................को स्वास्थ्य उपचारको लागि जाँदा............................समस्या देखीएकोले उक्त रोगको सामान्य उपचार/आकस्मिक तथा शल्यक्रिया उपचार/उच्च जोखिम तथा अत्याधिक खर्च उपचार गराउनु परेकोले.........................................सम्वन्धित अस्पतालवाट प्रमाण खुल्ने सम्पूर्ण आवश्यक कागजात सहित रु........................ को वील भरपाई अनुसारको उपचार खर्च पाउँ भनी निवेदन पेश गरेको छु। पेश भएका व्यहोरा ठीक साँचो हो, झुट्टा ठहरे प्रचलित कानून वमोजिम सहुँला बुझाउँला।

निवेदक :

हस्ताक्षर :
नाम थरः
कार्यरत पदः
कार्यरत कार्यालयः
शाखाः
बैंक खाता नं.:
सम्पर्क नं.:

CamScanner